म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२२ बिहीबार, १९ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 3 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## छोरी बलात्कार गर्ने बाबुलाई ४५ वर्ष कैद फैसला

हेटौंडा, १८ असार/छोरीलाई बलात्कार गरेको ठहर गर्दै जिल्ला अदालत मकवानपुरले एकजनालाई ४५ वर्ष कैद गर्ने फैसला सुनाएको छ । अदालतले ती अभियुक्तलाई ७ लाख रुपैयाँ जरिवानासमेत तोकेको छ । जिल्ला अदालत मकवानपुरका न्यायाधीश गीता श्रेष्ठको बुधबारको इजलासले थाहा नगरपालिका-१ का ३४ वर्षीय वावुले १३ वर्षीया छोरीलाई बलत्कार गरेको ठहर गर्दै यस्तो फैसला गरेको हो । जिल्ला अदालत मकवानपुरले हाडानाता पर्नेलाई बलात्कार गरेको अभियोगमा २५ वर्ष र बालिकालाई जबरजस्ती करणी गरेकोतर्फ २० वर्ष कैद गरी ४५ वर्ष कैद गर्ने फैसला गरेको जिल्ला अदालत मकवानपुरका सूचना अधिकारी केशवराज कौशिकले जानकारी दिए । बलात्कृत बालिका जेठी पत्निको छोरी हुन् । २०८१ भदौ २८ गते बालिकालाई बाबुले घरमै बलात्कार गरेका थिए । बालिकाले आफू बाबुबाट बलात्कृत भएको फुपू नाता पर्नेलाई जानकारी गराएपछि उनीहरुले इप्रका पालुङमा उजुरी दिएका थिए । उजुरीको आधारमा बाबु पक्राउ पर्नुका साथै अदालतले पुर्पक्षका लागि उनलाई भीमफेदी कारागारमा पठाएको थियो ।

### उपमहानगरको 'न्यायिक दर्पण' विमोचन

# मेलमिलापकर्ताको भूमिका प्रशंसनीयः उपप्रमुख बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा उपमहानगरपालिकाको न्यायिक समितिले प्रकाशन गर्ने 'न्यायिक दपर्ण' को विमोचन गरिएको छ ।

उपमहानगरभित्र भएको न्यायिक गतिबिधि समेटेर प्रकाशन गरिएको न्यायिक दपर्णको बुधबार उपप्रमुख तथा न्यायिक समितिका संयोजक राजेश बानियाँले विमोचन गरेका हुन् । उपमहानगरपालिकाको न्यायिक समितिको स्वीकृत बार्षिक कार्यक्रमअन्तर्गत भएको मेलमिलापकर्ताको वार्षिक समीक्षामा दपर्णको विमोचन गरिएको हो । दपर्णको विमोचनसँग उपप्रमुख बानियाँले न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनमा मेलमिलापकर्ताको भूमिका प्रशंसनीय रहेको र आगामी दिनमा थप उच्चमनोवल राखेर काम गर्न निर्देशन दिए ।

कार्यक्रममा न्यायिक समिति मातहत रहेका सबै केन्द्रहरुको कार्यसम्पादनको प्रगति अवस्थाको प्रस्तुति एवम् थप व्यवस्थित गर्ने विषयमा छलफल भएको थियो । कार्यक्रमा सहभागी मेलमिलापकर्तालाई सुरक्षित बैदेशिक रोजगारीमा मेलमिलापकर्ताको भूमिकाका बिषयमा अभिमुखीकरण गरिएको थियो । न्यायिक समितिका सदस्य ज्ञानबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, समितिका सदस्य सन्तुमाया पाख्रिन, उपमहानगरका सामाजिक विकास महाशाखा प्रमुख डा.भीमप्रसाद तिमल्सिना, कानुनी सल्लाहकार वरिष्ठ अधिवक्ता ईश्वरराज ढकाल, शाखाप्रमुखहरु लक्ष्मण मैनाली, गंगाकुमारी चौलागाईं लगायत कर्मचारीहरु, साहित्यिक तथा धार्मिक व्यक्तित्व हयग्रीब आचार्य, उपमहानगरका ११ वटै मेलमिलाप केन्द्रका संयोजकहरु र सूचीकृत मेलमिलापकर्ताको उपस्थिति थियो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत गौतम, समिति सदस्य पाख्रिन, महाशाखा प्रमुख डा. तिमल्सिना, साहित्यकार आचार्य लगायतले मन्तव्य तथा सुझाव राखेका थिए । चालु आर्थिक वर्ष २०८१/८२ को जेठ मसान्तसम्म आइपुग्दा २ सय १७ वटा उजुरी



न्यायिक समितिमा दर्ता भएको छ । दर्ता भएका उजुरीमध्ये अघिल्लो आर्थिक वर्षबाट बाँकी रहेको ४४ वटा उजुरी जिम्मेवारी सरेर आएका छन् । उजुरीमध्ये न्यायिक समतिले चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा १ सय २० मिलापत्र गराएका छन् ।

न्यायिक समितिका संयोजक उपप्रमुख बानियाँका अनुसार वडा मेलमिलाप केन्द्रमा छलफलको प्रक्रियामा ५४, न्यायिक समितिको प्रक्रियामा १५, मुद्दा फिर्ता ११, मुलतवी ३, फैसला भएको एक र १६ वटा उजुरी डिसमिस भएको जनाएका छन् । संयोजक बानियाँले आफूले न्यायिक निरुपण गरिरहेको अवस्थामा कुनै पनि पार्टीले राजनीतिक दबाब दिने नगरेको दाबी गरे ।

उनले चालु आर्थिक वर्षमा समितिको स्वीकृत कार्यक्रमअन्तर्गत पाक्षिक न्यायिक डबली रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम, समुदायस्तरीय न्यायिक अनुशिक्षण, विद्यार्थीसँग न्यायिक समिति कार्यक्रम, संदेशमुलक पकेट क्यालेन्डर प्रकाशन, कानुनी पुस्तक खरिद तथा वितरण, डकुमेन्ट्री निर्माण तथा प्रशारण, न्यायिक दर्पण स्मारिका प्रकाशन, सात स्थानमा जनचेतनामूलक सडकनाटक प्रदर्शन लयात कार्यक्रम सम्पन्न भएको बताए । उनले आगमी आर्थिक वर्षमा पनि यिनै सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने जानकारी दिए ।

नेपालको संविधान २०७२ जारी भएसँगै नेपालमा तीन तहको सरकार सञ्चालनको प्रावधान छ । संघीय, प्रदेश र स्थानीय सरकार गरी तीन तहमा राज्य सञ्चालन छ । स्थानीय तहमा गाउँपालिका र नगरपालिका रहने व्यवस्था अनुसार संविधानले स्थानीय मुद्दामामिला निरुपणका लागि स्थानीय सरकारलाई अधिकार दिएको छ । कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद मिलाउन नेपालको संविधनको धारा २१७ बमोजिम तीन सदसीय नयायिक समिति हरेक स्थानीय तहमा रहने व्यवस्था छ ।

नगरपालिकामा उपप्रमुख, गाउँपालिकामा उपाध्यक्ष संयोजक रहने व्यवस्था छ । गाउँसभा वा नगरसभाबाट २ जना सदस्य निर्वाचित भएर प्रत्येक स्थानीय तहमा ३ सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ । हेटौंडा उपमहानगर पालिकामा २०७४ फागुन १४ गतेदेखि न्यायिक समिति सञ्चालनमा आएको थियो ।

# थाहा-३ ले सुरु गर्‍यो पशु सुत्केरीभत्ता




साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ मकवानपुरको थाहा नगरपालिका वडा नं. ३ ले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम सार्वजनिक गर्दै 'पशु सुत्केरीभत्ता' कार्यक्रमलाई समावेश गरेको छ ।

सार्वजनिक गरिएको बजेट विवरणअनुसार यो कार्यक्रमका लागि २ लाख पचास हजार बजेट विनियोजन गरिएको छ । वडाअध्यक्ष हिरेन्द्रकुमार रायमाझीले पशुपालनलाई आत्मनिर्भर र व्यवस्थित बनाउने उद्देश्यले पशु सुत्केरीभत्ता कार्यक्रम अघि बढाइएको जानकारी दिए । उनले भने, 'हाम्रा किसान अझै पनि परम्परागत तरिकाबाट पशुपालन गर्दै आएका छन् । उनीहरूलाई आधुनिक र प्रोत्साहनात्मक उपायबाट समर्थन गर्न आवश्यक छ । सुत्केरी भएको पशुलाई उचित स्याहार गर्ने प्रबन्ध मिलाउन यो भत्ता उपयोगी बन्नेछ ।

उनले थपे, 'हामी कृषिमा मात्र नभई पशुपालनमा पनि आत्मनिर्भर बन्ने दिशामा अघि बढ्दैछौं । यो कार्यक्रमले गाउँका किसानलाई आर्थिकरुपमा समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।' यसबाहेक वडा नं. ३ ले कुल १६ वटा कार्यक्रम समावेश गरी ७० लाख रुपैयाँ बराबरको बजेट प्रस्ताव गरेको छ, जसमा कृषिविकास, साना पूर्वाधार विकास, गृहिणी प्रोत्साहन, ऊर्जा प्रवर्द्धन, शैक्षिक विकास, रोजगारमुलक साना पूर्वाधार विकास लगायत विभिन्न विषय समेटिएका छन् । पशुपालनमै आत्मनिर्भर हुने सोचसहित अघि बढाइएको पशु सुत्केरीभत्ता कार्यक्रमले वडाका किसानमा सकारात्मक सन्देश फैलाउने र पशुपालन व्यवसायलाई थप व्यावसायिक बनाउने विश्वास लिइएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# उमहानगरको विकास खर्च

हेटौंडा उपमहानगरपालिकाको पूर्वाधार विकासमा खर्चको अवस्थामा निराशाजनक रहेको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म हेटौंडा उपमहानगर पालिकाले पूर्वाधार विकासमा ३५ दशमलब ५९ प्रतिशत मात्रै बजेट खर्च गरेको हो । पूर्वाधार विकास कार्यक्रमअन्तर्गत् विनियोजित ७७ करोड ४१ लाख ६२ हजार बजेटमध्ये २७ करोड ५५ लाख ३४ हजार खर्च गर्न सकेको हो । उपमहानगरले आगामी आर्थिक वर्षको लागि २ अर्ब ९० करोड ३ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । विकास बजेट खर्चने कार्यशैली भने संघीय सरकारदेखि स्थानीय सरकारसम्म सबैको कमजोर रहेको छ । नगरस्तरीय ३५ र वडास्तरीय ९ सय ४१ गरी ९ सय ७६ वटा योजना सञ्चालन गरेकोमा ३ सय ७७ वटा योजना सम्पन्न भएका छन् भने ५९९ योजना कार्यान्वयनको चरणमा रहेका छन् । सम्पन्न योजनाबाट २५ किलोमिटर क्रंकिट सडक निर्माण भएको छ भने ४ सय ७० मिटर सडक कालोपत्रे, सडक ग्रेभल ५ दशमलब ५ कि.मि. खानेपानी पूर्वाधार ७ वटा, विद्यालय पूर्वाधार १३ वटा, पर्यटन पूर्वाधार १५ वटा, खेलकुद पूर्वाधार १७ वटा, गुम्बा पूर्वाधार सुधार १३ वटा, मन्दिर पूर्वाधार निर्माण २९ वटा र स्वास्थ्य पूर्वाधारतर्फ ७ वटा र शौचालय ११ वटा सम्पन्न भएका छन् । बस्ती संरक्षण एवम् तटबन्धतर्फ ३२ वटा, सिँचाइ योजना ७ वटा, सामुदायिक भवन पूर्वाधार एवम् मर्मत सम्भारतर्फ ४३ वटा सम्पन्न भएको उल्लेख छ ।

उपमहानगरको वडा कार्यालयको प्रशासनिक भवन निर्माण गर्दै जाने नीतिअनुरुप चालु आर्थिक वर्षमा वडा नं. ५, ६ र १६, नं. वडा कार्यालय भवन निर्माण चालु अवस्थामा रहेको छ । अधुरो स्वास्थ्य संस्थाको भवन निर्माणलाई सम्पन्न गर्दै जाने नीतिअनुरुप वडा नं. १. ४ र ५ को सहरी स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भई आफ्नै भवनबाट सेवासुचारु गरेको छ । जिल्ला समन्वय समिति मकवानपुरको लागत साझेदारीमा वडा नं. ९ को लामसुरे सहरी स्वास्थ्य केन्द्र निर्माण अन्तिमचरणमा रहेको छ । संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान कार्यक्रमतर्फ वडा नं.४ को श्रमिक मावि भवन निर्माणकार्य चालु अवस्थामा रहेको र सशर्त अनुदानतर्फ वडा नं. ३ को राईटोल सडक स्तरीकरण र वडा नं. ७ को ज्येष्ठ नागरिक पार्क निर्माण सम्पन्न भएको उल्लेख छ । वडा नं.१५ को साइदो पालरी गुम्बा निर्माण चालु अवस्थामा रहेको छ । समपूरक कार्यक्रमअन्तर्गत वडा नं १३ को पदमपोखरी मुख्य सडकको स्तरीकरण गर्ने कार्य चालु अवस्थामा रहेको छ । बागमती प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमवाट वडा नं. २, ४ र राजकुलो सरसफाइ कार्य र बडा नं. १९ मा उप्रेतीडाँडा सडक स्तरोन्नति सम्पन्न भएको जनाएको छ । वडा नं. १० मा कोसेलीघर, वडा नं. ६ मा रामकाजी पँधेरो भूमिगत सिँचाई निर्माणकार्य अन्तिमचरणमा रहेको उपमहानगरले जनाएको छ । 'एक वडा एक खेलकुदद्र पूर्वाधार निर्माण गर्दै जाने नीतिअनुरुप हेटौडा उपमहानगर-६ मा फुटसल र वडा नं. १४ मा ब्याडमिन्टन कोर्ट निर्माणाधीन अवस्थामा रहेको छ ।

प्रदेश सरकारको समपूरक अनुदान कार्यक्रमबाट कुखरेनी खोलादेखि औद्योगिक क्षेत्र हुँदै उत्तरपानी जाने सडक निर्माणकार्य सम्पन्न भएको छ । नगरपालिकाको स्रोतबाट वडा नं. १० को ज्ञानदा माविको भवन निर्माण चालु अवस्थामा रहेको छ । हेटौंडा-११ सिमलटारमा खानेपानी तथा सरसफाइ डिभिजन नं. १ र हेटौडा खानेपानी व्यवस्थापन बोर्डबीच त्रिपक्षीय सम्झौता भई बृहत् खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेको छ । नगर विकास कोषसँगको साझेदारीमा सञ्चालित वडा नं. १० को एकीकृत बस टर्मिनल भवन आयोजना निर्माण अन्तिमचरणमा रहेको जनाएको छ । सडक बोर्ड नेपालको साझेदारीमा वडा नं. ४ को बुद्धपथ सडक कालोपत्रे सम्पन्न भएको छ । उपमहानगर र बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागत साझेदारीमा प्रादेशिक तरकारी तथा फलफूल थोकबजार निर्माण सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको उल्लेख छ । उपमहानगरको सहयोगमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालमा बाल तथा प्रसूतिकक्ष निर्माणाधीन अवस्थामा रहेको जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २० गते शुक्रबार ४ जुलाई २०२५ । नवमी, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | |
|---|---|
| **मेष** | : परिवारमा कलह |
| **वृष** | : यात्रामा बाधा |
| **मिथुन** | : काममा सफलता हात पर्ने |
| **कर्कट** | : अपजस पाइने |
| **सिंह** | : बौद्धिक कार्यमा वाधा |
| **कन्या** | : व्यवसायमा विवाद |
| **तुला** | : मानसिक अशान्ति |
| **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **धनु** | : मांगलिक कार्य सम्पादन |
| **मकर** | : उपचारमा खर्च बढ्ने |
| **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# अभावबीच कर्मचारी, मारमा सेवाग्राही



✍ सीमा बन

एकातिर कर्मचारी सन्तुष्ट देखिंदैनन्, अर्कोतिर कर्मचारी प्रति आम मानिसमा सकारात्मक धारणा छैन । यस्तो विरोधाभासबीच देशले कसरी प्रगति गर्न सक्छ ? कहिल्यै विचार गर्नुभएको छ, अस्पतालमा खटिएका स्वास्थ्यकर्मीले कहिलेदेखि समयमा खाना खाएका छैनन् ? विद्यालयमा पढाउने शिक्षकले कहिलेदेखि नयाँ कपडा किन्ने सपना देख्नै सकेका छैनन् ? सेतो कमिजमा चिटिक्क देखिने एक सरकारी कर्मचारीले कहिलेदेखि घरको भाडा तिर्न सकेको छैन ?

अस्पतालमा काम गर्ने नर्सको मन त्यतिबेला रुन्छ जब आफ्नो छोराको उपचार खर्च जुटाउन सक्दिनन् । सरकारी कार्यालयमा भएको बाबुको मन त्यतिबेला रुन्छ जब छोराको स्कुल फि समयमा तिर्न सक्दैनन् । एउटी शिक्षिकाको मन त्यतिबेला रुन्छ जब स्कुटरको किस्ता तिर्न दिउँसो विद्यालय पढाउँछिन् अनि साँझमा ट्युसन । विस्तारै यात्रामा विचलन आउँछ । एक देशप्रेमी शिक्षक जसले गाउँमै कैयौं योग्य नागरिक उत्पादन गर्ने कसम खाए, एकदिन थाकेर क्यानडाको लागि आवेदन दिन्छ । एक नर्स जसले दूधे बालक घरमा छोडेर कैयौं बालकलाई धर्ती देखाउन खटिरहन्छिन्, रातको सिफ्ट छाती चर्काएर बिताउँछिन्ह थकित भएर एक दिन अमेरिकाको लागि आवेदन दिन्छिन् ।

एक कर्मठ कर्मचारी जसले देश सुदृढ बनाउने कसम खाएको थियो, एकदिन भन्छ मेरो इमानदारी यहाँ काम लागेन । अब त मैले विदेशिनुपर्छ, जहाँ श्रमको मूल्य र सम्मान दुवै हुन्छ । एक बैंक कर्मचारी दिनमा घर विरलै देख्छ । सार्वजनिक विदा के हो विस्तारै भुल्दै जान्छ । दिनहुँ पैसाको व्यापार गर्छ । मसान्तको दिन जब तलबको घण्टी बज्छ तब घर बनाउँदा लिएको किस्ता तिर्न नपुग रकम साथीसँग सापट माग्छ । काम र दामको दबाब थेग्न नसकी वैदेशिक रोजगारीको बाटो खोज्छ । यी सबै केवल व्यक्तिगत पीडा होइनन् । यी त राज्यका चीत्कार हुन् । राज्य तब बलियो हुन्छ, जब कर्मचारी गर्वका साथ भन्छन् म देशका लागि काम गर्छु । तर, जब त्यो कामको मूल्य नै हुँदैन तब त्यो गर्व तुहिन थाल्छ । जब कर्मचारीले मन मार्छ तब सेवाको गुणस्तर झर्छ । अनि सेवाग्राही भन्छन्, कर्मचारीले कामै गर्दैनन् । तर सबैले नजरअन्दाज गरेका तिनका पनि आफ्नै कथा छन् । आफ्नै व्यथा छन् । कर्मचारीका पनि परिवार छन् । जो यसै देशका नागरिक हुन्, उनीहरूले राम्रो शिक्षा र स्वास्थ्यका लागि संघर्ष गरिरहेका छन् ।

राष्ट्रको मेरुदण्डको रूपमा रहेका कर्मचारीहरू सधैं सुन्दर र सुरक्षित भविष्यको आशा लिएर बाँचेका हुन्छन् । परिवार पाल्न कैयौं वर्षसम्म झोला बोकेर गाउँ जान्छन् । उनीहरू कहिल्यै चिच्याउँदैन । चुपचाप काम गरिरहन्छन् तर उनीहरूको मौनताभित्र पनि चिच्याहट हुन्छ । आफैंले आफैंलाई भनिरहेका हुन्छन्, हाम्रो श्रमको इज्जत गर, हाम्रो पनि पेट छ । हामीलाई पनि सम्मान चाहिएको छ । तर आधारभूत आवश्यकता धान्न नसक्ने न्यून तलब र महँगीको तुलनामा निकै कम सुविधा वृद्धि गरे जस्तो गरी पन्छिने राज्यको प्रवृत्ति देख्दा ती आशा एक-एक गरेर मर्न थाल्छन् ।

देश केवल नेताहरूले बनाउँदैनन् । देश बनाउन हजारौं कर्मचारीको पनि हात हुन्छ । जसले आफ्ना कार्यालयको जिम्मेवारी लिन्छन् । जो घामपानी नभनी फिल्डमा कुद्छन् । जो भित्रैदेखि चिरिएर पनि जनताको सेवामा हाजिर हुन्छन् । जीवनको रंगीन समय समर्पित गर्छन् । बिहान हतार-हतार आधा पेटमा सार्वजनिक सवारीमा धकेलिंदै होस् या निजी सवारीमा अफिस पुग्छन् । कोही सरकारी डेस्कमा, कोही सार्वजनिक तथा निजी संस्थानमा, कोही अस्पतालमा, कोही विद्यालयमा होलान् । ती सबैले एउटै सपना बोकेका हुन्छन्- सेवाग्राहीलाई सेवा दिने, परिवार पाल्ने र राष्ट्र निर्माणमा सहयोग गर्ने । तर जब तिनीहरूलाई आफ्नो श्रमको उचित मूल्य दिइँदैन तब त्यो सपना हराउँदै जान्छ ।

जीवन धान्न नसकेर जब कर्मचारीको धड्कन बढ्छ तब राज्यको मुटु कमजोर हुन्छ । राज्यका आधारशिला चर्कन थाल्छन् जब कर्मचारीको मन चर्किन्छ । राज्यका सबै सार्वजनिक क्षेत्र कर्मचारीमाथि टिकेका हुन्छन् । जब उनीहरूको न्यूनतम तलबमान र सुविधामा बेवास्ता हुन्छ भने असन्तुष्टि मनबाट राष्ट्र निर्माण कसरी सम्भव हुन्छ ? राज्यले अब बुझ्नुपर्छ, अब भन्नुपर्छ कि तिम्रो श्रमको मूल्य हामी बुझ्छौं । राज्यले आफ्ना कर्मचारीलाई केही दिन्छ भने त्यो केवल तलब मात्रै होइन त्यो विश्वास, सम्मान र योगदानको मूल्य छ भन्ने सन्देश पनि हो । यदि यसो गर्न सकिएन भने कर्मचारीले आफ्नो आत्मा मारेर काम गर्न थाल्छन् र त्यो बेला देशको आत्मा नै हराउँछ । जब ऊर्जाशील समय र उमेर खर्चेर काम गर्दा पनि महिनाको अन्तिममा खर्च चलाउन ऋण खोज्नुपर्छ, बिरामी पर्दा अस्पताल जान डराउनुपर्छ, सेवा गरेपछि पनि कदर हुँदैनह त्यतिबेला एक थकित आत्मा बाँच्नकै लागि बाँचिरहेको हुन्छ । कर्मचारीहरू विद्रोह गर्दैनन्, उनीहरूले तोडफोड गर्दैनन् उनीहरू केवल थाक्दै जान्छन् । अनि देश त्यतिबेला थाक्छ जतिबेला कर्मचारीहरू देशका लागि काम गर्न छाड्छन् । एक राष्ट्र जब असफल हुन्छ तब एक इमानदार कर्मचारी आफ्नो इमान बिक्रीमा राख्छ । जब स्वास्थ्यकर्मीहरू दिनको सिफ्टपछि रातमा निजी क्लिनिक धाउँछन् उनीहरू रोग लागे पनि विदा लिदैनन् । तब देश थला पर्न थाल्छ ।

लोकसेवा आयोगको परीक्षा प्रणाली समयानुकूल परिमार्जित हुनसकेको छैन । तथापि, नेपालमा कर्मचारी भर्ना प्रणाली चित्तबुझ्दो नै देखिन्छ । त्यसपछिको वृत्ति-विकास, सरुवा-बढुवामा व्याप्त अनिश्चितता र अपारदर्शिताले कर्मचारीहरूमा निराशा बढेको देखिन्छ । काममा भन्दा चाकडी, चाप्लुसीमा अभ्यस्त कर्मचारीहरूको वृत्ति-विकासमा अवसर देखिन्छ जसको कारण कर्मलाई मूलमन्त्र मान्ने कर्मचारी निराश देखिन्छन् । राजनीतिक संरक्षणको आधारमा कम क्षमता भएका कर्मचारीको बोलवाला बढी हुँदा क्षमता भएर पनि अवसरबाट वञ्चित भएका कर्मचारीहरू हात बाँधेर बस्न थाल्छन् । यसबाट कार्यालय कामका लागि भन्दा पनि दिन कटाउने थलोका रूपमा परिणत हुन्छ ।

सार्वजनिक सेवा प्रवाहको मौजुदा स्थिति हेर्दा सार्वजनिक सेवाहरू जनताले अपेक्षा गरेअनुरूप सरल र सर्वसुलभ छैनन् । जनताको समान पहुँच र लक्षित वर्गमा सेवा पुग्न सकेको छैन । सार्वजनिक सेवा प्रवाह पारदर्शी छैन । सेवा प्रवाहमा प्रतिस्पर्धा छैन । सेवा प्रवाहमा हुने त्रुटिका सम्बन्धमा नागरिक सुनुवाइको कमी छ । यद्यपि, केही तथ्यहीन आलोचना र सेवाप्रतिको दृष्टिकोण बढी नै नकारात्मक भने छ । यसतर्फ पनि राज्य संयन्त्रको ध्यान जानु जरूरी छ । आजभोलि मान्छेलाई बुझ्ने भन्दा पनि बुझाउने मान्छे धेरै हुन थाले । त्यसैले समस्याहरू सुल्झिन भन्दा धेरै उल्झिन थालेका छन् । पद, पैसा र पावर (शक्ति) सबथोक हो भन्ने मनोविज्ञान समाजमा विकसित भएको छ । एकातिर कर्मचारी सन्तुष्ट देखिंदैनन्, अर्कोतिर कर्मचारी प्रति आम मानिसमा सकारात्मक धारणा देखिंदैन । यो विरोधाभासबीच देशले कसरी प्रगति गर्न सक्छ ?

गलत काम गर्नेलाई आवश्यक दण्ड-सजाय र सही व्यक्ति पुरस्कृत नहुने प्रवृत्तिले सबैलाई एउटै बास्केटमा राखेर कर्मचारीको मनोबल खस्काउने कामले प्रश्रय पाएको देखिन्छ । जसले मिहिनेत गर्दैन उसलाई प्रतिफल चाहिएको छ र उसैले नकारात्मक टिप्पणी बढी गर्छ । त्यति मात्रै होइन, उसकै पछाडि हुल देखिन्छ जसले सर्वसाधारणमा अन्योल र विचलन ल्याएको छ । कर्मचारी संख्याका आधारमा ठूला संगठन समूहमा पर्ने सरकारी निकाय तथा सरकारी अर्धसरकारी संस्थानहरूमा हालसम्म कर्मचारीलाई उत्प्रेरित गरी संगठनको उत्पादन वृद्धि गर्न सकिन्छ वा गर्नुपर्छ भन्ने सोचले ठोस कदम चालिएको पाइँदैन । नेपालको पारिवारिक संरचनाभित्र सामान्यतया ६ जनाको परिवार सदस्य हुन्छन्– बुबा-आमा, श्रीमान्, श्रीमती र दुई छोरा-छोरी । हरेक कर्मचारीले आफ्नो जिम्मेवारीभित्र रहेको परिवारलाई उसको पद अनुसारको निर्वाह गर्ने तलब दिइयो भने इमानदार कर्मचारीले अन्यत्र ध्यान दिँदैन ।

सार्क मुलुक तथा अझ भारतकै तुलना गर्ने हो भने पनि नेपालका कर्मचारीको तलबमान निकै न्यून देखिन्छ । जसका कारण कर्मचारीहरूलाई आफ्नो जीवन गुणस्तरीय बनाउन पनि समस्या परिरहेको छ । समस्यामै रुमल्लिनुपर्दा उत्साह पैदा हुँदैन । कर्मचारीको सेवा-सुविधा हात्तीको देखाउने दाँत झैं समाजमा आफूलाई विकाउने माध्यम मात्रै बनेको छ । सुन्दर भविष्यको कल्पना गरेर सरकारी सेवामा प्रवेश गरेकाहरू किन जागिरबाट सन्तुष्ट छैनन् ? किन बीचमै जागिर छोड्छन् ? कार्य सम्पादन मूल्याङ्कन कत्तिको पारदर्शी छ ? पछिल्लो समय युवा जनशक्तिमा देखिएको नैराश्यताको कारण के अथवा समाधान के ? किन युवाहरूले नेपालमा भविष्य देखिरहेका छैनन् ? उत्तर खोज्नुपर्ने बेला भएको छ ।

सपना देख्ने आँखा थकित भएपछि विकासको सपना कसरी देख्ने ? आम देशप्रेमीले अब बोल्नुपर्छ । अब ढिलो गर्नुहुन्न राज्य सञ्चालकले समयमै बुझ्नुपर्छ । कर्मचारीलाई जीवन धान्ने तलब सुविधा सहित सम्मान हुनुपर्छ । अब सरकारी जागिर छ त अझै के पुगेन र ? भन्न छोड्नुपर्छ । जब राज्यले आफ्ना कर्मचारीप्रति प्रेम देखाउँछ, तलबले पेट भरिन्छ र आत्मा बलियो हुन्छ तब देशले समृद्धिको काँचुली फेर्छ । मानिसहरू आफ्नो आवश्यकताले डोऱ्याइरहेका हुन्छन् । तसर्थ, कामको निमित्त उत्प्रेरित गर्न उनीहरूको आवश्यकता पूरा भएको हुनुपर्छ । सरकारले कर्मचारीको तलब-भत्ता, सेवा-सुविधा वृत्ति-विकास लगायतमा समयानुकूल ध्यान दिएको छैन । यस्तो बेवास्ताले सक्षम र इमानदार कर्मचारी पलायन भइरहेका छन् । सेवालाई जनमुखी एवम् नतिजामुखी बनाउन कर्मचारीको योगदानलाई नजरअन्दाज गर्न सकिंदैन । सेवाग्राहीलाई सुशासनको प्रत्याभूति दिन कर्मचारीको पेशाप्रतिको निष्ठा र समर्पणले महत्वपूर्ण भूमिका खेल्छ । तसर्थ, कर्मचारीका आवश्यकता, इच्छा, चाहना समेतलाई मध्यनजर गरेर उत्प्रेरणा जगाउन सके सहजतापूर्वक उद्देश्यमा पुग्न सकिन्छ । समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना साकार पार्न समयमै यसतर्फ पनि सम्बोधन हुनु जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# एसईईले जगाएको आशा

✍ नगेन्द्रराज पौडेल

वि.सं. २०८१ को चैत महिनामा सञ्चालित कक्षा १० को अन्तिम परीक्षा (एसईई ) को गतसाता प्रकाशित नतिजाले निकै उत्साहित बनाएको छ र शैक्षिक क्षेत्रमा एउटा आशा जगाएको पनि छ । गतवर्षको उक्त परीक्षामा ४७.८७ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएका थिए । प्रधानमन्त्री केपी शर्मा ओली उक्त परीक्षाफलप्रति असन्तुष्ट मात्र थिएनन्, बेलाबेलामा शिक्षकलाई यो उत्तीर्ण दर निकै कम भयो, बढाउने उपाय गर्नुस् भनेर प्रेरित गर्थे । प्रधानमन्त्रीले यति नै विद्यार्थी उत्तीर्ण गराउने हो भने तनखा बढाउने माग किन गर्ने भनेर झस्काइदिन्थे । यो वर्ष अर्थात् २०८१ सालको कक्षा १० को अन्तिम परीक्षा (एसईई) को नतिजाअनुसार ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । विगतको भन्दा यो प्रतिशत १३.९४ प्रतिशतले बढी हो । विगतको तुलनामा यो वर्ष ४ जीपीए ल्याउने विद्यार्थीको संख्या पनि बढेको छ । गतवर्ष १ सय ८६ जनाको मात्रै ४ जीपी थियो भने यो वर्ष ९ सय ७१ जनाले उक्त जीपीए ल्याएका छन् ।

यो उपलब्धि यद्यपि पूर्ण होइन तर सकारात्मक भने हो । शैक्षिक सुधारको एउटा सूचांक पनि हो । किनकि यो अवस्थाले हाम्रो शैक्षिक उपलब्धिमा सुधार आएको संकेत गर्छ । तर एकै वर्षका बीचमा यतिको संख्यामा उत्तीर्ण हुने दर बढाउनका लागि शैक्षिक प्रणालीमा के-के सुधार गरियो त ? यसको खोजिनीति भने हुनै पर्छ । यसपटक आकस्मिकरुपमा नतिजामा बढोत्तरी आएपछि प्रधानमन्त्रीले 'बितेको वर्षमा नतिजा सुधार गर्न हामीले गरेको मेहनत काम लागेको छ' भन्दै खुशी बाँडेका छन् । तर उनले यसबीचमा नतिजा सुधारका लागि के-के मेहनत गरे ? त्यो भने खुलाएका छैनन् । यसअघि नै उनले एक सार्वजनिक कार्यक्रममा यो वर्ष ७० प्रतिशत हाराहारी विद्यार्थी पास हुने अनुमानसमेत गरेका थिए । वर्षदिनमै नतिजामा उल्लेखनीय प्रगति देखिएपछि शिक्षाविद्हरुले सिकाइमा सुधार गरिएको हो कि परीक्षा प्रणाली कतै गडबड भयो भन्ने प्रश्न पनि उठाएका छन् ।

नतिजाका बारेमा विश्लेषण गर्दै शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाले कृपामा अंक थपियो कि विद्यार्थीकै क्षमता बढाएर पास गराइयो ? भन्ने प्रश्न गरेका छन् । प्रत्युत्तरमा प्रधानमन्त्री ओलीले कोइरालाको उक्त भनाइलाई खण्डन गर्दै सिकाइमा नै सुधार आएको दाबी गरेका छन् । कृपामा अंक दिएर सुधार भएको भए बाँकी ३८ प्रतिशत किन सफल भएनन् त ? के उनीहरुप्रति शिक्षकको दुश्मनी थियो ? भन्दै प्रतिप्रश्न गरेका छन् । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माको दाबी पनि प्रधानमन्त्रीसँग मिल्दोजुल्दो छ । उनले स्थानीय तहमा शिक्षाको अधिकार पुगेपछि शिक्षण सिकाइमा सुधार भएकाले नतिजा सुधारोन्मुख देखिएको हो भनेका छन् ।

### उच्च प्राथमिकतामा शिक्षा

सरकारले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । विद्यालयमा भौतिक सुविधा, खानेपानी व्यवस्थापन, छात्रछात्राका लागि अलग-अलग शौचालयको व्यवस्था, महिला शिक्षकको अनिवार्य व्यवस्था, छात्राका लागि नि:शुल्क स्यानेटरी प्याडको उपलब्धतालगायतका धेरै सुविधा प्रदान गरिएको छ । यसबाट विद्यालय शिक्षामा सबैको पहुँच, नियमितता र शैक्षिक उपलब्धि वृद्धिका लागि सघाउ पुगेको छ ।

आधारभूत तहको १-५ कक्षामा नियमित मूल्यांकन पद्धतिको व्यवस्था, कक्षा १० का लागि सबै विषयमा प्रयोगात्मक अंकभारको व्यवस्था, अक्षरांकन मूल्यांकन पद्धति अवलम्बन आदिको प्रबन्ध अनुत्तीर्ण दर कम गर्नेका लागि गरिएको थियो । यसो त विषयगत शिक्षकको व्यवस्था, शतप्रतिशत शिक्षकहरू तालिम प्राप्त, सबै शिक्षकसँग अध्यापन अनुमतिपत्रको अनिवार्यताले पनि शिक्षण सिकाइ प्रभावकारी र गुणस्तरीय भई राम्रो नतिजाका लागि सघाएको हुनुपर्छ ।

### सीप हस्तान्तरण गर्ने समय

अब परीक्षामुखी शैक्षिक नीतिमा परिवर्तन आउन जरुरी छ । शिक्षक पढाउनका लागि नभएर सिकाउनका लागि हुनुपर्छ । यसैले ऊ शिक्षक नबनेर सहजकर्ता बन्नुपर्छ । चीनमा एउटा उखान छ- 'मलाई एक किलो माछा उपहार होइन, माछा मार्नका लागि सीप देऊ, ताकि म आफैँले मन लागेको बेला माछा मारेर खान सकूँ ।' तर आजकल हाम्रो पठनपाठनमा सैद्धान्तिक कुरा मात्र छ, सीप छैन । व्यावहारिक पक्ष उपेक्षित नै छ । कोरा ज्ञान, घोकन्ते विद्यामा नै हाम्रो शैक्षिक प्रणाली आजसम्म चलिरहेको छ । के सिक्यो हैन, कति अंक ल्यायो भन्ने नतिजाको पर्खाइमा रहेका अभिभावकलाई सन्तुष्ट पार्नेबाहेक गरिखाने शिक्षा पटक्कै दिन सकिएको छैन । यो आजको विडम्बना नै हो । कोरा किताबी ज्ञानले आज कसैको पनि गुजारा हुने अवस्था छैन । गर्जो टार्न नसक्ने शिक्षा, शिक्षा नै होइन ।

तसर्थ शिक्षा आर्जन गर्नु भनेको घोक्नु मात्र होइन, सिकाइ हुनु पनि हो । सिकाइ हुनु भनेको व्यवहारमा आएको स्थायी सकारात्मक परिवर्तन हो । यो परिवर्तन मापनीय हुनुपर्छ र यसका लागि व्यावहारिक शिक्षा नै चाहिन्छ । शिक्षाले व्यक्तिलाई सत्य कुराको ज्ञान प्रदान गरेर मात्र पुग्दैन, कुनै पनि काम गर्न सक्ने सीप अर्थात् खुबी प्रदान गर्न सक्नुपर्छ । हामीकहाँ विद्यालय शिक्षाको सन्दर्भमा होस् वा विश्वविद्यालयको सन्दर्भमा, संख्यात्मक हिसाबमा शिक्षाको विकास धेरै नै भएको छ । तर गुणस्तरको पाटो कमजोर छ । पढेर देश नै छोडनुपर्ने शिक्षाको कुनै दरकार हुँदैन । शिक्षाले त देशमा टिकाउन सक्नुपर्छ । बजारमा बिकाउन सक्नुपर्छ । तर जति पढ्यो त्यति बेरोजगार हुने शिक्षा राष्ट्रका पक्षमा हुनै सक्दैन । यसकारण पढी खाने शिक्षा दिन नसकेपछि अब गरी खाने शिक्षा दिनुपर्छ । यसका लागि सीपमूलक प्राविधिक शिक्षा नै आजको आवश्यकता हो ।

### शिक्षा र व्यवहार

घाम उदाउने दिशालाई पूर्व भनिन्छ भनेर विद्यार्थीलाई जतिसुकै घोकाए पनि खुल्ला ठाउँमा गएर उसलाई चार दिशा छुट्याउन लगाउँदा सही दिशा देखाउन सकेन भने उसले जतिसुकै जीपीए ल्याए पनि उक्त विषयमा व्यावहारिक ज्ञान नभएको नै ठहर्छ । तसर्थ गरेर सिक्ने शिक्षा आज आवश्यक छ । अमेरिकी पूर्वीराष्ट्रपति अब्राहम लिंकन आफ्नो छोरा पढ्ने विद्यालयका प्रधानाध्यापकलाई पत्र लेख्दै भनेका छन्, 'मेरो छोराले सबै मानिस एकै किसिमका हुँदैनन् भन्ने कुरा सिकोस् । समाजमा दुष्ट मानिस छन् र सज्जन पनि छन् । स्वार्थी राजनीतिज्ञ पनि छन् भने समर्पित निष्ठावान् नेता पनि छन् । त्यस्तै शत्रु पनि छन् मित्र पनि छन् । उसलाई सित्तैमा पाएको हजारौं डलरभन्दा परिश्रम गरी कमाएको एक डलर बढी मूल्यवान् हुन्छ भन्ने कुरा बताइदिनुहोस् ।'

लिंकन अगाडि लेख्छन्, 'मेरो छोरो जतातिर हुल छ त्यतातिर लाग्ने प्रवृत्तिको नहोस् । उसलाई कहिलेकाहीं आँखाबाट आँसु झार्न लाज मर्दो कुरो होइन भनिदिनुहोस् । ऊ आफ्नो बाहुबल, बुद्धि र सामर्थ्यमा विश्वास गरोस् । सम्झनुहोस्, आगोको लप्काबाट नै फलाम खारिन्छ । ऊभित्र साहस र सधैं केही गरौं भन्ने भावना भइरहोस् । मेरो छोरो स्वयम् निर्भीक, साहसी र उत्साही बन्न प्रेरित भइरहोस् अनि मात्र ऊ मानवताप्रति नरम र आस्थावान् हुन सक्छ ।' आज हामीलाई चाहिएको अर्को शिक्षा यो पनि हो । मानवता हराउँदै गएको, पढेर पनि अनपढ व्यवहार गर्ने वर्तमान युवापुस्ताका लागि लिंकनको उक्त सन्देश निकै मार्मिक र आजका सन्दर्भमा उपयुक्त पनि देखिन्छ । आजको पठनपाठनले न सीप दिएको छ, न व्यवहार । तसर्थ व्यावहारिक पक्षमा लिंकनको उक्त आकांक्षाले आम नेपाली अभिभावकको प्रतिनिधित्व गर्दछ । हामीले खोजेको एकथरी शिक्षा यस्तै पनि हो ।

### विद्यालय रहर बनोस्

कवि हरिभक्त कटुवाल रहर कवितामा भन्छन्, 'बा, पाठशाला जान्न म, इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरुको ।' आज हरेक बालबच्चाहरु विद्यालयलाई सिक्ने पाठशाला नठानेर डर र त्रासको घर ठान्छन् । विद्यालय त जाऊँ-जाऊँ लाग्ने खालको हुनुपर्छ । आज पनि हाम्रो शिक्षा पद्धति घोकन्ते छ, सैद्धान्तिक छ । हाम्रा बालबालिकाको चाहना र हाम्रो शिक्षा पद्धतिबीच सामीप्यता छँदै छैन । बालमैत्री भनिन्छ तर पूर्णरुपमा लागू गरिएको छैन । जंगबहादुर मरेको इतिहास घोकेर आजका विद्यार्थीले के पाउने ? बरु आजका विद्यार्थीले घोकेरभन्दा गुगलमा सर्च गरेर यी कुरा पत्ता लगाउन चाहन्छन् । आज उनीहरुलाई गुगल हेरेर यो चाहना पूरा गरिदिने शिक्षा चाहिएको छ । आजका बच्चाहरुलाई तयारी हालतको भन्दा सिर्जनशील बनाउने शिक्षा चाहिएको छ । कति पढ्ने भन्दा पनि के पढ्ने भन्ने सवाल नै आजको शिक्षाको मुख्य मुद्दा हो । यसका लागि विद्यार्थीलाई विद्यालय जाऊँ-जाऊँ लाग्नुपर्छ । करले होइन, रहरले विद्यालय जाने वातावरण बनाउनुपर्छ र यसका लागि उसको रुचि, इच्छा र चाहनाअनुसारको विषय पढ्न पाउनुपर्छ । स्वस्फुत सिकाइ वातावरण हुनुपर्छ ।

### रोजगारी छैन

प्रजातन्त्रको उदयताका २००७ सालमा हामीसँग २ प्रतिशत साक्षरता दर थियो । आज संघीय गणतान्त्रिक व्यवस्थाको अभ्यासमा जुट्दै गर्दा यो दर बढेर ७० प्रतिशतभन्दा माथि पुगेको सरकारको दाबी छ । यो सन्तोषको विषय हो । तर पढेका जनशक्तिमध्ये कतिजना रोजगारीमा लागे भन्ने कुरा पनि महत्वपूर्ण हो । बजारमा बिकाउ नहुने र ज्ञानमा टिकाउ नहुने शिक्षा प्रदान गरेर बर्सेनि बेरोजगार उत्पादन गर्ने शिक्षा कुन हदसम्म जारी राख्ने भन्ने कुरा आजको मुख्य समस्या हो । यसै कारण व्यावसयिक शिक्षा आजको मुख्य आवश्यकता थियो ।

*(साभार: न्यूज अफ नेपाल)*

# डेंगुको सन्त्रास, बिरामी संख्या ६० हजार नाघ्न सक्ने

काठमाडौं/यसवर्ष डेंगु संक्रमणका कारण देशभरि ६० हजारभन्दा बढी बिरामी हुनसक्ने अनुमान इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडीले) प्रक्षेपण गरेको छ । ईडीसीडीले डेंगु प्रकोपबाट ६० हजारभन्दा बढी बिरामी हुनसक्ने अनुमान गर्दै त्यस अनुसारको कार्ययोजना तयारी गरेको दाबी गरेको छ । किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा. गोकर्ण दाहालका अनुसार डेंगु संक्रमण उच्च हुने मौसम अझै बाँकी छ ।



'डेंगुको संक्रमण साउनदेखि केस बढ्दै जाने, भदौ र असोजमा पिक पुग्ने र त्यसपछि कत्तिकदेखि घट्ने क्रम रहन्छ,' डा. दाहालले भने, 'डेंगु केस बढ्नेसक्ने कुरालाई नकार्न सक्दैनौं, अबको चार महिना उच्च जोखिममा रहनेछौं ।' चार-पाँच वर्षदेखि लगातार रूपमा डेंगु केसहरू बढेको स्थितिमा डेंगु संक्रमणलाई शून्यमा पुऱ्याउन दीर्घकालीन तयारी आवश्यक भएको विज्ञ बताउँछन् ।

'अब एक-दुई वर्ष मात्रै होइन, अझ दशकौंसम्म डेंगुसँग लड्नुपर्छ । यसका लागि हामीले तयारी गरेनौं भने डेंगुलाई शून्य बनाउन सक्ने अवस्थामा पुग्दैनौं,' डा. दाहाल भन्छन् । विश्व परिवेश र शहरीकरण कारण डेंगुलाई पूर्णत: घटाउन गाह्रो हुने उनी बताउँछन् । शहरी क्षेत्रमा डेंगु फैलिनुको प्रमुख कारण अव्यवस्थित फोहोर व्यवस्थापन हो ।

विज्ञका अनुसार पानी जम्मा गर्न राखिएका ड्रम र बाल्टीहरू, पुराना टायर र फोहोरमैला, कौसी खेतीका गमला, खुला खाल्डाखुल्डीमा जमेको पानी स्थानहरू एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस प्रजातिका लामखुट्टेका लागि प्रजनन् स्थल हुन् । विगत एक दशकमा तराईदेखि पहाडी जिल्लासम्म फैलिएको डेंगु अहिले जनस्वास्थ्यको प्रमुख चुनौती बनेको छ ।

### वास्तविक संख्याको दश गुणा बढी

गत पुसदेखि हालसम्म करिब एक हजार ६ सय डेंगु संक्रमित भएको ईडीसीडीले जनाएको छ । राष्ट्रिय प्रणालीमा रिपोर्ट भएको सरकारी तथ्यांक वास्तविक डेंगु संक्रमणको एक सानो भाग मात्र भएको हो । चिकित्सकका अनुसार १० हजार मानिसलाई डेंगु भयो भने १ हजारमा मात्र लक्षण देखा पर्छन् । बाँकी ९ हजार मानिसमा लामखुट्टेलाई संक्रमण गर्न सक्ने क्षमता हुन सक्छ ।

सुरुमा भाइरस छिरेपछि शरीरमा रोगसँग लड्ने क्षमता (एन्टिबडी) नबन्दासम्मको समयमा लामखुट्टेले टोकेमा शरीरको भाइर सले लामखुट्टेमा संक्रमण हुन्छ । एक पटक लामखुट्टे संक्रमित भएपछि उसका वंशजहरूमा समेत संक्रमण हुने गर्छ । 'डेंगुका बिरामी लक्षण नदिखिने, स्वास्थ्य संस्थामा नजाने, परीक्षणमा नहुने वा रिपोर्ट पनि हुँदैन,' डा. दाहालले स्पष्ट पार्दै भने, 'सरकारी तथ्यांकभन्दा दशौं गुणा डेंगुका बिरामी समुदायमा छन् भन्ने बुझिन्छ ।'

धेरै बिरामीले लक्षण विहिन अवस्थामा समुदायमा अन्य व्यक्तिलाई संक्रमण सारिरहेको अवस्था रहेको डा. दाहालले बताए । उनका अनुसार डेंगु रोकथाम र नियन्त्रणका लागि अघिल्ला वर्षको सिकाइका आधारमा दुईवटा मुख्य रणनीतिमा काम भइरहेको छ ।

पहिलो : डेंगु संक्रमणलाई न्यून गर्ने प्रयास

दोस्रो : डेंगु हुने मृत्युलाई अधिकतम कम गर्ने प्रयास

विगतका वर्षझैं यो वर्ष पनि डेंगु महामारीको जोखिम नै रहेको महाशाखाका अधिकारी स्वीकार गर्छन् । 'डेंगु प्रकोपका अनुभवले पनि दुई-दुई वर्षमा आउटब्रेक हुँदै आएका । तर, यसो भन्दै गर्दा यो वर्ष जोखिम नै छैन भनेर यकिन गर्न सक्दिैन', डा. दाहाल भन्छन् । अहिलेको संख्या थोरै भएको भन्दैमा तयारी र निगरानी कम गर्न नहुने डा. दाहालको भनाइ छ ।

संक्रमित व्यक्तिहरूले हल्का लक्षण भएका अवस्थामा पनि स्वस्थ व्यक्तिलाई संक्रमण सार्न सक्ने हुनाले सबैले सतर्कता अपनाउनुपर्ने उनले सुझाव दिए । एडिस एजेप्टाई र एडिस एल्बोपेक्टस नामक लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु संक्रमण नेपालमा पहिलो पटक २००४ मा चितवनमा आएका एक विदेशी नागरिकमा भेटिएको थियो । त्यसपछि २००६ मा तराई र भित्री मधेशका केही जिल्लामा डेंगुका बिरामी भेटिएका थिए ।

२०२० मा धरानबाट फैलिएको डेंगुबाट १८ हजार मानिस संक्रमित भए, ४३ जिल्लामा फैलिएको डेंगुले १२ जनाको मृत्यु भयो । सन् २०२२ मा डेंगु संक्रमित ७७ वटै जिल्लामा फैलिँदा ५४ हजार भन्दा बढी संक्रमित भए । उनीहरूमध्ये ८८ जनाको मृत्यु भएको थियो । २०२३ मा कोशी प्रदेशमा डेंगु फैलिएको थियो । २० जना मृत्यु हुँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए । सन् २०२४ मा भने १३ जनाको मृत्यु हुँदा झन्डै ३५ हजार भन्दा बढी संक्रमित भएका थिए ।

सरकारी निकाय बीच समवन्यको कमी, दक्ष जनशक्तिको अभाव, 'खोज तथा नष्ट' अभियान प्रभावकारी नहुनु र मुख्य रूपमा मन्त्रालयमा कमजोर नेतृत्व हुनुका कारण डेंगु आउटब्रेक भई हजारौं संक्रमित र सयौंको मृत्यु हुने गरेको छ । सरकारले डेंगु नियन्त्रणका लागि रणनीति र योजना बनाउन नसक्नुले डेंगुले प्रकोपको रूप लिँदै आएको विज्ञ बताउँछन् । डेंगुको 'चेनब्रेक' रोक्न लामखुट्टेको लार्भा भएका ठाउँहरू खोजेर नष्ट गर्नुबाहेक अरू उपाय छैन ।

जनस्वास्थ्यविद्का अनुसार डेंगु फैलिन नदिनका लागि राज्यका सबै स्रोत साधन परिचालन गरेर जनचेतना अभियान चलाउनु अनिवार्य नै हुन्छ ।

### डेंगु फैलिसकेपछि मात्र ब्युँझिन्छ सरकार

सरकारले डेंगु रोकथाम र नियन्त्रणका लागि वार्षिक १० करोड विनियोजन गर्दै आएको छ । तर प्रत्येक वर्ष सही सदुपयोग भने हुन सकेको छैन । डेंगु रोकथाम तथा नियन्त्रणका लागि 'खोज तथा नष्ट अभियानका' लागि कार्यविधि तयार गरेर स्थानीय पालिकासम्म पुऱ्याइएको ईडीसीडीका अधिकारी बताउँछन् । तर उक्त कार्यविधि पूर्ण कार्यावन्यन हुँदैन ।

प्रत्येक वर्ष ईडीसीडीका अधिकारीहरू एकै किसिमको बनिबनाउ जवाफ दिने गर्छन्, 'डेंगु नियन्त्रणका लागि रणनीति बनाएर स्थानीय पालिकासम्म पुऱ्याइएको छ । केही स्वास्थ्यकर्मीलाई तालिम दिएका छौं ।' डा. दाहालले यसवर्ष पनि डेंगु नियन्त्रण तथा रोकथामका लागि झन्डै १० करोड रुपैयाँ बजेट विनियोजन र १ हजार ७०० सयभन्दा स्वास्थ्यकर्मीलाई डेंगुको उपचारबारे अभिमुखीकरण गरेको बताए ।

डा. दाहालका अनुसार रणनीतिमा डेंगु कहाँ खोज्ने, कसरी खोज्ने, कसले खोज्ने, कुन-कुन ठाउँ खोज्ने लगायतका क्रियाकलापलाई समेटेर स्वास्थ्य मन्त्रालयबाट कार्यविधि निर्माण गरिएको छ । 'त्यो कार्यविधि सामान्य नागरिकले बुझ्न सक्ने गरेर पनि बनाएको छौं । सबै ठाउँमा पत्राचार गरेका छौं, डेंगुबाट बच्न जनचेतना फैलाइरहेका छौं,' डा. दाहालले दाबी गर्दै भने । डेंगु समान्य झैं लाग्ने, तर कुनै पनि बेला प्रकोप रूप लिन सक्ने रोग हो । डेंगु लागेपछि सही उपचार गर्नु र प्रकोप रोक्न लामखुट्टेको लार्भा भएका ठाउँहरू खोजेर नष्ट गर्नु बाहेक अरू उपाय छैन ।

स्थानीय तहले पनि डेंगु नियन्त्रणका लागि 'खोज तथा नष्ट' अभियान प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा यो अवस्था आएको हो । विज्ञका अनुसार डेंगु नियन्त्रणका लागि मनसुन सुरु हुनुभन्दा अगाडि नै लार्भा खोज तथा नष्ट अभियान' तीव्र रुपमा सञ्चालन गर्नुपर्छ । तर, अहिलेसम्मको अनुभवले डेंगु फैलिसकेपछि मात्रै 'लार्भा खोज तथा नष्ट अभियान' सुरू हुन्छ । त्यही पनि प्रभावकारी रूपमा सञ्चालन हुन सक्दैन ।

स्वास्थ्य मन्त्रालयले नै 'कमान्डिङ' भूमिका निर्वाह नगर्दा डेंगुले प्रत्येक वर्ष फैलिने गरेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्व प्रमुख तथा जनस्वास्थ्यविद् डा. बाबुराम मरासिनीको भनाइ छ । 'मनसुन सुरु हुनासाथ खोज तथा नष्ट अभियानलाई व्यापक बनाउनुपर्ने हुन्छ । तर यस समयमा मन्त्रालयमा 'कमान्डिङ' भूमिका रहेका कर्मचारी कानमा तेल होलेर बस्छन्,' डा. मरासिनी भन्छन्, 'डेंगु फैलिन सुरु गरेपछि मात्रै सरकार झारा टार्न काम गरेजस्तो गर्छ ।'

प्रत्येक वर्ष नियन्त्रण तथा रोकथामका लागि केन्द्रदेखि स्थानीय सरकार मस्त निद्रा रहने र एकले अर्कोलाई दोष लगाएर बस्नमा मात्रै केन्द्रित हुँदा डेंगुले महामारीको रूप लिने गरेको जनस्वास्थ्यविद् बताउँछन् ।

### फरक सेरोटाइपले बिरामीलाई जटिलता र मृत्युको जोखिममा

डा. दाहालले डेंगु रोकथाम र नियन्त्रण स्वास्थ्य क्षेत्रको मात्र प्रयासले सम्भव नभएको बुझाइ सहित बहुनिकाय सहकार्यको आवश्यकता रहेको बताए । 'यसमा स्वास्थ्यभन्दा बाहेकका सबै सरकारी निकायहरू पनि जोडिनुपर्ने हुन्छ । साथै संघ-संस्था, सामाजिक उत्तर दायित्व बोकेका विभिन्न निकाय र स्वयम् नागरिक पनि जोडिनुपर्छ,' डा. दाहाल भन्छन् ।

डेंगुको बहुवर्षीय, बहुनिकाय रणनीति तर्जुमा गर्ने काम भइरहेको डा. दाहालले बताए । यो रणनीतिले विभिन्न क्षेत्रका सरोकारवालालाई एकसाथ जोडेर डेंगु नियन्त्रणमा थप प्रभावकारी हुने अपेक्षा गरिएको छ । केही वर्ष अघिसम्म तराई तथा धेरै गमी हुने ठाउँमा मात्रै डेंगुको संक्रमण बढी देखिन्थ्यो । पछिल्लो समय पहाड चढ्दै हिमालसम्मै पुगिसके । १२-१३ डिग्री तापक्रममा पनि डेंगु सार्ने लामखुट्टे सहजै बाँच्न सक्छ ।

विज्ञहरू डेंगु फैलिनुको कारण बढ्दो शहरीकरण पनि हो । जनघनत्व बढी भएका शहरमा डेंगु सार्ने लामखुट्टेलाई हुर्कन सहज हुन्छ । डेंगुका १, २, ३ र ४ गरी चार प्रकारका सेरोटाइप हुन्छ । २०७९ गरिएको सरकारी अध्ययनले डेंगुको फैलिनुमा '१,२ र ३ सेरोटाइप ३ को भूमिका रहेको देखाएको थियो । त्यसमध्ये ३ सेरोटाइपको भूमिका बढी देखाएको छ ।

तर सरकारसँग कुन सेरोटाइफ्ले कुन ठाँउमा डेंगु फैलाइरहेको भन्ने एकिन तथ्यांक छैन । गत वर्ष इन्टोमोलोजिकल प्रयोगशाला स्थापना भएसँगै देशभरका प्रदेशबाट डेंगुको तथ्यांक संकलन गर्न सुरुवात भएको डा. दाहालले जानकारी दिए । 'सबै प्रदेशबाट डेंगुको तथ्यांक उपलब्ध भइरहेको छ । यसले लामखुट्टेको अध्ययन र अनुसन्धानमा ठूलो सहयोग पुऱ्याउने छ,' डा. दाहालले भने, 'सेरोटाइपको जानकारीले उपचार प्रणालीमा सहयोग पुऱ्याउने छ ।'

एक प्रकारको विषाणुबाट (सेरोटाइप) डेंगु भइसकेको व्यक्तिलाई अर्को प्रकारको विषाणु भएको लामखुट्टेले टोकेको अवस्थामा डेंगु घातक हुने अध्ययनले देखाएका छन् । विज्ञका अनुसार फरक सेरोटाइप सर्कुलेसन हुँदा डेंगुका अधिक गम्भीर बिरामी हुन्छन् । पहिलो पटक डेंगुको जुन सेरोटाइपले संक्रमण गरेकोमा अर्को पटक पुन: त्यही सेरोटाइपले संक्रमण गर्दैन । तर दोस्रो पटक-फरक खालको सेरोटाइपले संक्रमण गर्दा जटिलता बढी हुन्छ ।

यस्तो विषाणुले सारेको डेंगुले गर्दा शरीरको रगत जम्न (क्लटिङ) प्रक्रिया अव्यवस्थित हुन्छ । यसको घातक प्रभावले शरीरभर रक्तस्राव हुने शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसे बताउँछन् । 'कुनै एक सेरोटाइपले संक्रमण भएमा जीवनभर अर्को पटक त्यही सेरोटाइपले संक्रमण गराउँदैन । तर अन्य सेरोटाइपले संक्रमण गर्दा धेरै कडा साथै मृत्यु हुनसक्ने सम्भावना देखाएको छ,' डा. चालिसे भन्छन्, 'विगतका वर्षमा जटिलता हुने बिरामी पटक-पटक संक्रमित भएका पाइएका थिए ।'

डेंगुको संक्रमण रोक्नका लागि लामखुट्टेले फूल पार्न सक्ने सम्भावित घरभित्र र वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाँडाहरू खोजी खोजी सफा गर्ने र लामखुट्टेको फुल नष्ट गर्नुपर्छ । ट्यांकी, ड्रम, बाटा, बाल्टिन जस्ता पानी राख्ने भाँडाहरू पनि लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राख्नुपर्छ । पानी जम्नसक्ने ठाउँमा नियमित सफा गर्नुपर्छ ।

बाहिर निस्कँदा शरीर ढाक्ने कपडा लगाएर निस्कने, घरका झ्याल, ढोकामा जाली हाल्ने, दिउँसो सुत्दा झुल हाल्नेजस्ता पक्षलाई व्यवहारमा उतार्नुपर्छ । जनस्वास्थ्यविद् आगामी तीन महिनामा डेंगु संक्रमणको भयावह हुनेसक्ने आंकलनसँगै समुदायस्तरमा लामखुट्टेको लार्भा खोज र नष्ट गर्ने अभियानलाई तीव्र पार्नुपर्ने बताउँछन् ।

### जलवायु परिवर्तनले हिमालमा पुग्यो डेंगु

दुई दशकअघिसम्म विरलै मात्र पाइने लामखुट्टे अहिले काठमाडौं उपत्यकादेखि हिमाली जिल्लासम्म सक्रिय देखिन थालेका छन् । पहिले तराईमा मात्र सीमित भनिएका मलेरिया, डेंगु, कालाज्वर, स्क्रब टाइफसजस्ता किटजन्य रोगहरू अहिले पहाड हुँदै हिमाल चढ्न थालेका छन् । यो परिवर्तनले नेपालको जनस्वास्थ्य प्रणालीमा नयाँ चुनौती थपिएको स्वास्थ्य विज्ञहरूको भनाइ छ । सरकारी तथ्यांक अनुसार हरेक वर्ष वर्षायाम लागेसँगै डेंगु, मलेरिया, स्क्रब टाइफस, कालाज्वर जस्ता किटजन्य रोगको संक्रमण दर उच्च हुँदै गएको छ । पहिले तर ईमै सीमित रहेका यस्ता रोगहरू अहिले काठमाडौं उपत्यकासहित पहाडी र हिमाली जिल्लामा समेत देखिन थालेका छन् ।

नेपाल सरकारले हालसम्म किटजन्य रोग नियन्त्रणका कार्यक्रम मुख्यत: तराई क्षेत्रमा केन्द्रित राख्दै आएको छ । तर, अब उच्च भू-भागमा समेत रोगको जोखिम बढेकाले रणनीति पुनर ावलोकन आवश्यक देखिएको विज्ञहरू बताउँछन् । जनस्वास्थ्य विज्ञ डा. शरद वन्तका अनुसार ५ हजार फिटभन्दा माथिल्लो भू-भागलाई पहिले डेंगु रहित क्षेत्र मानिन्थ्यो । तर, अहिले त त्यस्ता स्थानमा पनि डेंगुका बिरामी भेटिन थालेका छन् ।

हिजोका दिनमा चिसो हुने ठाउँमा तापक्रम बढेसँगै प्रत्यक्ष रूपमा लामखुट्टे, भुसुनाका कारण हुने किटजन्य रोग फैलिएका छन् । मौसममा बदलावसँगै अन्य कारणले तराईको रोग पहाड अनि हिमालमा उक्लिएको छन् । पछिल्ला वर्ष ७७ जिल्लामा डेंगु संक्रमित भेटिसकेका छन् ।

'यो जलवायु परिवर्तनको प्रत्यक्ष असर हो,' डा. वन्त भन्छन्, चिसो स्थानहरूमा तापक्रम बढेपछि लामखुट्टे, भुसुनाले सजिलै बाँच्ने वातावरण बन्यो । त्यसैले रोग फैलन थालेका छन् ।' पहाड तथा हिमालका जिल्लामा तापक्रम वृद्धि अत्यधिक छ । ३०-४० वर्षको तथ्यांकलाई हेर्दा १.५ डिग्रीभन्दा बढी तापक्रम बढिरहेको कारणले माथिल्लो क्षेत्रमा पनि लामखुट्टे अनुकूल वातावरणमा हुर्किरहेको छ । नेपालको तापमान सन् १९६८ देखि १९९० को दाँजोमा सन् २०३० मा १.४ डिग्री सेल्सियस, सन् २०६० मा २.८ डिग्री सेल्सियस र सन् २०९० मा ४.७ डिग्री सेल्सियसका दरले वृद्धि हुने वैज्ञानिकको अनुमान छ ।

जनस्वास्थ्यविद् डा. बाबुराम मरासिनीका अनुसार वर्तमानमा अपनाइँदै आएको तराई केन्द्रित नीतिमा तत्काल परिवर्तन गर्नुपर्ने आवश्यकता छ । 'हिमाली र पहाडी जिल्लाहरूमा रोग नियन्त्रण कार्यक्रमहरू नभएकाले समस्या देखा परेको छ,' डा. मरासिनी भन्छन्, ' किटजन्य रोगहरूमा भइरहेका परिवर्तनका आधारमा जनस्वास्थ्यका कार्यक्रम र रणनीतिमा सुधार गर्नुपर्छ ।' जलवायु र किटाणुमा भएका परिवर्तनलाई रोक्न सक्दिैन । यसकारण सरकारले जनस्वास्थ्यका कार्यक्रमलाई प्रभावकारी रूपमा राष्ट्रिय स्तरमा कार्यान्वयन गर्नुपर्छ ।

विज्ञका अनुसार सरकारको व्यवस्थापनमा कमजोरीका कारणले यस्ता समस्याहरू उत्पन्न भएका हुन् । 'यवस्थापनको नेतृत्व क्षमता र प्रतिबद्धता भएमा यी समस्याहरूको समाधान गर्न सकिन्छ,' डा. मरासिनी भन्छन्, 'तर दुर्भाग्यवश, हामीले विगतका घटनाहरूबाट पाठ सिकेको देखिँदैन ।' जनस्वास्थ्यविद् डा. शरद वन्त किटजन्य रोगका सम्बन्धमा तथ्यहरू स्थापित भइसकेकाले नयाँ वैज्ञानिक खोज र अनुसन्धानमा समय खर्च गरिराख्नु नपर्ने जिकिर गर्छन् ।

'अहिले हाम्रो लागि व्यवस्थापनको मात्रै चुनौती छ । यी रोगका लागि नयाँ अनुसन्धान गरेर तथ्य स्थापित गर्नु अहिलेको आवश्यकता होइन,' डा. वन्त भन्छन्, 'स्थापित भएका कुराहरूको कार्यान्वयन गर्दा अहिलेका समस्याहरू समाधान गर्न सकिन्छ ।' 'सही योजना बनाएर काम गर्दा डेंगुको ठूलो क्षति भोग्नुपर्दैन,' डा. मरासनी भन्छन्, 'वर्षासँगै डेंगुको प्रकोप हराएर जान्छ भन्ने गलत बुझाइ र लापरबाहीले गर्दा प्रत्येक वर्ष डेंगु फैलिरहेको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# यस्तो हुनेछ शार्क ट्यांक नेपालको पहिलो एपिसोड



काठमाडौं/बिजनेस रियलिटी शो शार्क ट्यांक नेपालको पहिलो एपिसोड आज बेलुकी ९ बजे प्रसारण हुँदैछ । हिमालय टिभीबाट प्रसारण हुने यो प्रतीक्षित कार्यक्रमको पहिलो एपिसोडमा के हुँदैछ ? यसबारे संचारकर्मीले केही विवरण प्राप्त गरेको छ ।

पहिलो एपिसोडमा चार वटा आइडिया पिच हेर्न पाइनेछ । त्यसमध्ये आफूलाई मन परेको बिजनेसमा सार्कहरूले लगानी गरेका छन् । बाँकी अर्थात् चित्त नबुझेका बिजनेसमा उनीहरूले सुझाव पठाएका छन् ।

यो शो हिमालय टिभीमा बुधबार र बिहीबार प्रसारण हुनेछ । शोले नेपाली उद्यमीहरूलाई आफ्ना नवीन विचारहरू प्रस्तुत गर्न र लगानी प्राप्त गर्ने अवसर प्रदान गर्छ ।

पहिलो सिजनमा शार्कका रूपमा आईएमई समूहका सहसंस्थापक हेमराज ढकाल, अग्नि समूहका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठ, पद्म ज्योति समूहका अध्यक्ष सौरभ ज्योति, वैद्यज अर्गनाइजेसनकी प्रबन्ध निर्देशक ऋतुसिंह वैद्य र निम्बस समूहका प्रबन्ध निर्देशक आनन्द बगारिया शार्कका रूपमा अनुबन्धित छन् ।

शार्क ट्यांकको पहिलो सिजनमा झन्डै १ हजार ५०० बढी उद्यमीले आवेदन गरेकोमा दुई चरणको छनोट प्रक्रिया पार गर्दै ११० वटा कम्पनीले शार्कका अगाडि आफ्नो आइडिया प्रस्तुत गर्ने अवसर पाएका छन् ।

हालै मात्र यो शोको प्रवर्द्धनका लागि 'शार्क ट्यांक इण्डिया'का शार्क तथा बोट कम्पनीका सहसंस्थापक अमन गुप्ता नेपाल आएका थिए ।

शार्क ट्यांक नेपालमा नेपाली उद्यमीहरूले आफ्ना स्टार्टअप, उत्पादन वा सेवाहरू प्रस्तुत गर्छन् र लगानीकर्ताहरू (शार्क्स) ले तिनको व्यवसायिक सम्भावनाको आधारमा लगानी गर्छन् । यो शोले नेपालमा उद्यमशीलताको संस्कृतिलाई प्रोत्साहन गर्ने, नयाँ व्यवसायहरूलाई बजारमा ल्याउने र युवाहरूलाई प्रेरणा दिने लक्ष्य छ ।

# फिल्ममा श्वेताको कमब्याक कहिले ?



काठमाडौं/अभिनेत्री श्वेता खड्काले फिल्मबाट ब्रेक लिएको करिब ७ वर्ष भइसकेको छ । उनी पछिल्लो पटक आफैंले निर्माण गरेको फिल्म 'कान्छी'मा देखिएकी थिइन् । यसपछि उनले बाहिरी ब्यानरका केही फिल्म सम्झौता गरे पनि कुनै बन्दै बनेनन् भने कुनैबाट आफैं बाहिरिइन् । यतिबेला उनी आफ्नै विभिन्न व्यवसायमा व्यस्त छिन् । इन्जिनियरिङ क्षेत्रदेखि कफी सपसम्म उनको ठूलो लगानी छ ।

अहिले श्वेताले वास्तविक जीवनमा आमाको भूमिका पनि निभाइरहेकी छन् । उनकी एक छोरी छिन्, साढे २ वर्षकी । उनले फिल्मबाट विश्राम लिनुको कारण छोरी नै हुन् । हालै काठमाडौंमा आयोजित एक कार्यक्रममा भेटिएकी उनले सञ्चारकर्मीसँगको कुराकानीमा अहिले आफ्नो बेबी टाइम रहेको बताएकी छन् । छोरी स्कूल जाने भएपछि आफू फिल्ममा फर्किने उनको भनाइ छ ।

श्वेताले कमब्याकबारे भनेकी छन्, 'बेबी सानो भएकाले मैले फिल्मबाट विश्राम लिएको हुँ । बेबी हुर्किसकेपछि म अवश्य पनि कमब्याक हुन्छु । अभिनयमा नआए पनि प्रोडक्सन (निर्माण)बाट आउन सक्छु । अहिले चाहिँ मेरो बेबी टाइम हो । हुन त सबैले आ-आफ्नो करिअरलाई फोकस गरिराख्नु भएको छ । तर, मेरो बेबी अहिले सानो छ । स्कूल गएपछि कमब्याक अवश्य नै हुन्छ ।'

'कहाँ भेटिएला'बाट अभिनय करिअर सुरु गरेकी श्वेताले त्यसयता चारवटा फिल्ममा काम गरेकी छन् । उनको करिअरमा सर्वाधिक कमाइ गर्ने फिल्म भने 'कोहिनूर' हो । हालै चलचित्र विकास बोर्डले सार्वजनिक गरेको सर्वाधिक कमाइ गर्ने २५ फिल्मको सूचीमा यो नवौं स्थानमा छ । १४ करोड माथि कमाइ गरेको यो फिल्ममा श्वेताले अभिनेता श्रीकृष्ण श्रेष्ठको जोडी भएर अभिनय गरेकी छन् ।

# ४३ भाषामा सबटाइटलसहित 'चित्रा' प्राइम भिडियोमा रिलिज




काठमाडौं/पछिल्लो समय विश्वका चर्चित ओटीटी प्लेटफर्महरूमा नेपाली फिल्म रिलिज हुने क्रम बढेको छ । विशेषगरी प्राइम भिडियोमा फिल्महरू रिलिज भइरहेका छन् । 'अनौठो तृष्णा', 'बाटो', '१९१५: लेजेन्ड अफ गोर्खाज्' जस्ता फिल्महरू उक्त प्लेटफर्ममा स्ट्रिमिङ भइसकेका छन् । अब अर्को फिल्म 'चित्रा' प्राइम भिडियोमा रिलिज भएको छ, त्यो पनि ४३ भाषामा सबटाइटलसहित ।

यो फिल्म २ सयभन्दा बढी देशका दर्शकले स:शुल्क हेर्न सक्ने जनाइएको छ । यसअघि प्राइम भिडियोमा रिलिज भएका नेपाली फिल्म बेलायत र अमेरिका संस्करणमा मात्र सीमित थिए । यसअर्थ 'चित्रा' विश्वव्यापी रूपमा अमेजन प्राइममा रिलिज हुने पहिलो नेपाली फिल्म बनेको छ ।

निर्देशक घनश्याम लामिछानेले आफूले निर्देशन गरेको फिल्म यसरी विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय ओटीटीमा रिलिज भएको खबरले अत्यन्त उत्साहित बनाएको बताए । भन्छन्, 'यो सफलता नेपाली फिल्म उद्योगका लागि उदाहरणीय बन्न सक्ने सम्भावना छ । हाम्रो कथा अब संसारका दर्शकले बुझ्ने भाषा र माध्यममा पुगेको छ । यो एउटा सुरुवात मात्र हो ।'

बाबु-छोरीबीचको भावनात्मक सम्बन्धको कथामा बनेको 'चित्रा'मा सन्तोष अधिकारी, मेनुका प्रधान, शुभेच्छा खड्का, अर्पण थापा, प्रमोद अग्रहरी, अन्जना बराइली, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेल, कपिल शर्मा, कुमार गुरुङ, उज्वल ढकाल, दिपेश गजुरेल, प्रकाश घिमिरे लगायतको अभिनय रहेको छ । २०८० सालको पुष २७ गते यो फिल्म हलमा प्रदर्शन भएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हिमताल संरक्षणमा नेपाललाई हरित जलवायु कोषको सबैभन्दा ठूलो सहयोग

# ५ अर्ब नेपाली रुपैयाँको १५ वर्षे परियोजना स्वीकृत




साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हिमताल विस्फोटबाट हुनसक्ने क्षती कम गर्ने कार्यका लागि नेपालले हरित जलवायु कोषबाट ५ अर्ब नेपाली रुपैयाँ बराबरको अनुदान प्राप्त गरेको छ ।

हिमताल संरक्षणको क्षेत्रमा नेपालले प्राप्त गरेको यो रकम हरित जलवायु कोषले उपलब्ध गराएको पहिलो र सबैभन्दा ठूलो सहयोग हो । युएनडिपीको सहयोगमा जल तथा मौसम विज्ञान विभाग र उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयमार्फत प्रश्तावित परियोजनालाई पपुवान्युगिनीमा बसेको हरित जलवायु कोषको बोर्ड बैठकले स्वीकृत गरेको हो । हिमताल विस्फोटबाट हुने क्षतिलाई न्युनीकरण गर्ने कार्यका लागि बोर्डले ३६ दशमलव १ मिलियन अमेरिकी डलर (झन्डै ५ अर्ब नेपाली रुपैयाँ) को १५ वर्षे परियोजना स्वीकृत गरेको छ ।

यो परियोजनामा पहिलो चरणको ७ वर्ष हरित जलवायु कोषले उपलब्ध गराएको अनुदानबाट कार्यक्रम सञ्चालन हुनेछ । दोस्रो चरणको ८ वर्ष नेपाल सरकारले अन्य निकायसँगको सहलगानीमा परियोजना अघि बढाउनुपर्नेछ । पछिल्लो ८ वर्षमा करिव १३ दशमलब ९ मिलियन अमेरिकी डलर (करिव २ अर्ब नेपाली रुपैयाँ) बराबरको कार्य गरिने अनुमान गरिएको छ । यसबाहेक परियोजनाले समेटेका स्थानीय सरकारसहित अन्य सम्वद्ध विभाग, निकाय तथा मन्त्रालयले पनि समानान्तर आर्थिक दायित्व लिनेछन् ।

संयुक्त राष्ट्रसंघले सन् २०२५ लाई हिमनदी संरक्षणका लागि अन्तर्राष्ट्रिय वर्षको रुपमा मनाउँदै गर्दा नेपालले हिमताल संरक्षणका लागि हरित जलवायु कोषको अनुदान पाएको हो । परियोजनाको नेतृत्व गर्ने मन्त्रालय उर्जा जलस्रोत तथा सिंचाई सचिव सरिता दवाडीले सरोकारवाला निकाय र विकास साझेदार युएनडिपिको निरन्तरको सहयोग र सहकार्यपछि प्रोजेक्ट स्वीकृत भएकोमा सबैलाई धन्यवाद दिइन् । उनले छोरोल्पा र इम्जा हिमताल संरक्षणमा प्राप्त गरेको सफलता पछि ४ वटा ताल संरक्षणमा अनुदान प्राप्त भएको उल्लेख गर्दै अन्य तालको संरक्षणमा पनि मन्त्रालयले काम गर्दै जाने प्रतिवद्धता व्यक्त गरिन् ।

'युएनडीपी र जल तथा मौसम विज्ञान विभाग मिलेर यसको प्रपोजल तयार भएको थियो । त्यसपछि यसको नेतृत्वका लागि विभिन्न चरणमा छलफल भयो । छलफलपछि विभागले नै यसको नेतृत्व लिनुपर्छ, त्यसलाई हेर्ने निकाय भनेको उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय हो र मन्त्रालयले नै नेतृत्व लिनुपर्छ भन्ने किसिमले छलफल अघि बढ्यो' उनले भनिन्, 'प्रपोजललाई परिस्कृत गर्ने, विभिन्न चरणमा आएको कमेन्टलाई सम्बोधन गर्ने काम भयो । अहिले यो प्रोजेक्ट एप्रुभ भएको छ । विगतमा छोरोल्पा र इम्जा लगायतमा लेक लोअरिङको काम गरिसकेको हाम्रो इतिहास छ ।'

'त्यसैलाई आधार मानेर हामीले अहिले जिसिएफको फण्ड भित्र्याउन सफल भएका छौं । यो हाम्रो इनिसियल इन्टरभेन्सन हो । यसलाई विस्तारै अन्य लेकमा इन्टरभेन्सन गदै जाने हिसावले मन्त्रालय अघि बढ्छ भन्न चाहन्छु' उनले भनिन् । जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले जलवायु परिवर्तनको उच्चजोखिममा रहेका हिमताल विष्फोटबाट हुने क्षति कमगर्ने कार्यका लागि प्राप्त अनुदान नेपालका लागि निकै महत्वपूर्ण रहेको बताए ।

उनले प्राप्त अनुदानबाट हिमतालको सतह कम गर्ने, जलतथा मौसमी केन्द्र स्थापना, विपद पूर्वसूचनामा पहुँच विस्तार र जलाधार संरक्षणमा खर्च गरिने बताए । यो परियोजनाले कोशीका ३ र गण्डकीको एउटा हिमताललाई समेटेको जानकारी दिए । जल सतह घटाउने, जल तथा मौसमी केन्द्र स्थापना गर्ने र समयमै पूर्वसूचना प्रवाह गरी त्यस क्षेत्रका बासिन्दालाई सचेत गराई जोखिम न्युनीकरण गर्ने र भूसंरक्षणमार्फत् जलाधार संरक्षण गर्ने परियोजनाका प्राथमिकताका क्षेत्र रहेका छन् । त्यसैगरी प्रोजेक्ट क्षेत्रमा १ सय ५० हेक्टर भन्दा बढी क्षेत्रमा वृक्षरोपणमार्फत् जलाधार क्षेत्रको भूसंरक्षण गर्ने लगायत कयौ कार्यक्रम रहेका छन् ।

सातवटै प्रदेशप्रमुखले राष्ट्रपतिलाई भेटे

# लोकतन्त्रलाई सफल बनाउन प्रदेश सफल हुनुपर्ने राष्ट्रपतिको भनाई

साझाकुरा संवाददाता



हेटौंडा, १८ असार/ सातवटै प्रदेशका प्रदेशप्रमुखले राष्ट्रपति रामचन्द्र पौडेलसँग शिष्टाचार भेट गरेका छन् । बुधवार राष्ट्रपति भवन शितलनिवासमा सातवटै प्रदेशका प्रदेशप्रमुखले शिष्टाचार भेट गरेका हुन् ।

कोशी प्रदेशप्रमुख परशुराम खापुङ, मधेश प्रदेशप्रमुख सुमित्रा सुवेदी भण्डारी, बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटा, गण्डकी प्रदेशप्रमुख डिल्लीराज भट्ट, लुम्बिनी प्रदेशप्रमुख कृष्णबहादुर घर्तीमगर, कर्णाली प्रदेशप्रमुख यज्ञराज जोशी र सुदूरपश्चिम प्रदेशप्रमुख नजिर मियाँले राष्ट्रपति पौडेललाई भट गरेका हुन् । आफूले भोग्नुपरेका कठिनाई, कानुन नियममा रहेका अन्यौलताको बारेमा जानकारी गराउँदै यसको समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराईदिन राष्ट्रपति पौडेलसमक्ष आग्रह गरेका थिए ।

त्यसैगरी राष्ट्रपति पौडेलले पछिल्ला आन्दोलनको उपलब्धिलाई संस्थागत गर्ने महत्वपूर्ण आधार प्रदेश भएको उल्लेख गर्दै प्रदेशको सफलता नै संघीय लोकतान्त्रिक गणतन्त्रको सफलता भएको बताएका छन् । उनले लोकतन्त्रलाई सफल बनाउन प्रदेश सफल हुनुपर्ने धारणा राखेका छन् । 'प्रदेशहरु सुदृढ भए यो व्यवस्था सुदृढ हुन्छ, संविधानको सम्पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संघीय, प्रादेशिक र स्थानीय तहका कानुनको तर्जुमा र त्यसको निष्कपट कार्यान्वयनबाट संविधानको औचित्य र सार्थकता प्रमाणित हुन्छ भन्ने मेरो विश्वास छ', राष्ट्रपति पौडेलले भने ।

प्रदेशप्रमुखहरु प्रदेशको प्रमुखका साथै केन्द्रको प्रतिनिधि पनि भएकाले संघ र प्रदेशबीचको समन्वयकर्ताका रुपमा भूमिका निर्वाह गर्नुपर्ने बताउँदै उनले प्रदेश प्रमुखहरु संघीयताको सेतुकारुपमा रहेका उल्लेख गरे । 'सोही कारणले राष्ट्रपति र प्रदेश प्रमुखबीच निरन्तर सम्पर्क, संवाद र समन्वय हुन जरुरी छ', उनले भने । राष्ट्रपति पौडेलले प्रादेशिक कानुन निर्माण प्रक्रिया सम्पन्न गरेर शीघ्र कार्यान्वयनमा लैजाने गरी काम भइरहेको बताए । 'प्रादेशिक कानुनमा जति छिटो लाग्छौं, त्यति सहज हुन्छ । परिवर्तनको लाभ जतिसक्दो चाँडो नागरिकको आँगनमा पुऱ्याउन सक्यो त्यति जनतामा व्यवस्थाप्रतिको भरोसा अभिवृद्धि हुन्छ, यसमा विलम्ब नगरी सरोकार भएका सबैलाई आफ्नो तर्फबाट झक्झकाउने काम गरौं', उनले भने ।

'प्रदेशको संरचनाले मात्र राजनीतिक महत्व स्थापित हुँदैन, यसको चरित्रलाई जनमुखी, समावेशी र सुशासित बनाउन जरुरी छ, चरित्रको परिवर्तन हुनु मुख्य विषय हो । राजनीतिक उपलब्धिलाई नागरिकको जीवनसँग जोडौं, प्रदेश-प्रदेशबीच स्वस्थ्य प्रतिस्पर्धा गरौं, साथसाथै अन्तरप्रदेश सहकार्य र समन्वयमा जोड दिऔं, एकापसको सहकार्यले सबैलाई लाभ पुग्नेछ भन्ने मलाई लाग्छ', राष्ट्रपति पौडेलले भने । उनले प्रदेशको आन्तरिक स्रोतको सक्दो प्रयोग गरेर प्रादेशिक विकासका नयाँनयाँ योजना बनाउन, प्रत्येक प्रदेशले आफ्नो मौलिकता निर्माण गरेर अगाडि बढ्न सम्बन्धित सरकारलाई सुझाव दिनुपर्ने आवश्यकता औंल्याए ।

नागरिकको सम्मान, स्वाभिमान र समृद्धि भएकाले यसमा प्रदेश प्रमुखले सम्पूर्ण प्रदेशलाई केन्द्रित गर्न झक्झकाउने काम गर्नुपर्ने उनको भनाइ छ । 'मेरो जोड सुशासन, जनतामा प्रभावकारी सेवाप्रवाह र लोकतन्त्रको सुदृढीकरणमा केन्द्रित छ, जनस्तरमा लोकतन्त्रप्रति भरोसा जगाउन बौद्धिक वर्ग, नागरिकसमाजका अगुवालाई सम्पर्क तथा छलफल गरी सहकार्य र समन्वयबाट मार्ग निकाल्न पहल गर्नुपर्छ', राष्ट्रपति पौडेलले भने ।

विकास निर्माण, सुशासन, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, साहित्य, कला, संस्कृतिलगायत क्षेत्रको विकास, विस्तारमा सुझाव दिने र यी क्षेत्रमा सम्पर्क तथा सम्बन्ध विस्तार गर्ने काममा लाग्न उनले प्रदेशप्रमुखलाई सुझाव दिए । राष्ट्रपति पौडेलले हामी सबै मिलेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्नेतर्फ लागौं भन्ने आग्रह गरे ।

# बागमतीमा पहिलोपटक १५ चालक र सहचालकको सम्मान

साझाकुरा संवाददाता



हेटौंडा, १८ असार/ बागमती प्रदेश सरकारले अनुशासित र मर्यादितरुपमा सवारी सञ्चालन गर्ने चालकहरुलाई पहिलोपटक सम्मान गरेको छ ।

प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले उत्कृष्ट चालक र सहचालक सम्मान कार्यक्रमअन्तर्गत् बुधवार १५ जना चालक र सहचालकलाई सम्मान गरेको हो । श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन, मन्त्रालयका सचिव वीरेन्द्रदेव भारती, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठ, महासचिव सरोज खनालले चालक, सहचालकलाई सम्मान प्रदान गरेका थिए । सम्मानित १५ जना चालक, सहचालकमध्ये तीनजना महिलाचालक छन् । चालकहरु नवीना खड्का, सरिता गौतम, जानुका गौतम सहित यादव थपलिया, कान्छा श्रेष्ठ, शरणसिंह लामा, विष्णुबहादुर रोक्का, कुशकुमार ढकाल, धनबहादुर तामाङ, कृष्णहरि पुडासैनी तथा सहचालक दिपेश भैया, रमेश चौधरी, राजेश थापा क्षेत्री, सञ्जय प्रजा र सुरेश रुम्बा सम्मानित भएका हुन् ।

उनीहरुलाई जनही १५ हजार नगद प्रदान गरिएको श्रम, रोजगार तथा यातायात महाशाखा प्रमुख सुनिता गजुरेलले जानकारी दिइन् । चालकको छनोट नारायणी यातायात व्यवसायी संघले गरेको हो । संघले गरेको मूल्यांकन, छनोट र सिफारिसलाई मन्त्रालयस्तरको मूल्यांकन समीक्षा समितिले समीक्षा गरी सम्मानित हुने चालक, सहचालकको नामावली टुंगो लगाएको थियो । यातायात मन्त्री महर्जनले लामो रुटको चालक उत्पादन घटेकोमा चिन्ता व्यक्त गरे । श्रम, रोजगार तथा यातायात मन्त्री महर्जनले लामो रुटको चालक उत्पादन घटिरहेकोले मन्त्रालयले प्रोत्साहन कार्यक्रम ल्याएको बताए ।

चालकहरुको प्रोत्साहनकै लागि सम्मान कार्यक्रम राखिएकोले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि लामो रुटको चालक उत्पादन गर्न बजेट बिनियोजन गरिएको बताए । लामो रुटको सवारीचालक बुढापाका भएर विदा भएपछि नयाँ युवा उत्पादन हुन नसकेको उनको चिन्ता थियो । उनले २ सय ४५ जना महिला चालक उत्पादनमा पनि मन्त्रालयले तालिमलगायत कार्य गरिरहेको बताए ।

उनले व्यवसायलाई मर्यादित पेशा बनाउनुपर्नेमा जोड दिए । ट्राफिक नियमको पालना गरेर सवारी सञ्चालन गर्न चालकहरुलाई अनुरोध गरे । यात्रुको गुनासाको सम्बोधन हुने गरी सुरक्षित यात्राको प्रत्याभूति दिलाउनुपर्ने चालकको दायित्व रहेको मन्त्री महर्जनले बताए । कार्यक्रममा विज्ञ सल्लाहकार तुलसी रिजाल, महाशाखा प्रमुख बिमलप्रसाद भट्टराई र सुनिता गजुरेल, यातायात व्यवस्था कार्यालय चितवन भरतपुरका प्रमुख विष्णुकुमार भट्टराई, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष श्रेष्ठ, उपाध्यक्ष विष्णु विडारी, महासचिव खनाल, मूल्यांकन समिति सदस्य विश्वराज राईलगायतको उपस्थिति थियो ।

# हेटौंडा-१६ मा भूमि आयोगको अभिमुखीकरण तथा अन्तरक्रिया

साझाकुरा संवाददाता



हेटौंडा, १८ असार/ भूमि समस्या समाधान आयोग मकवानपुरले हेटौंडा उपमहानगरपालिका १६ नम्बर वडामा अन्तर्क्रिया सम्पन्न गरेको छ ।

आफ्नो अभियानलाई निरन्तरता दिइने क्रममा आयोगले बुधवार १६ नम्बर वडामा एकदिने अभिमुखीकरण तथा अन्तरक्रिया गरेको हो । यसअघि आयोगले १० वटै स्थानीय तहमा र त्यहाँको वडामा जिम्मेवारी दायित्व सँगसँगै पहिचान र प्रमाणिकरण कसरी गर्ने र वडातह र पालिका तहको काम, कर्तब्यसम्बन्धी अन्तरक्रिया सञ्चालन गरिसकेको छ । आयोग अध्यक्ष बलराम बलले वडाका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई पहिलो प्राथमिकतामा राखेर पहिचान र प्रमाणिकरण भैसकेको फाइलहरु आयोगको कार्यालयमा पठाएको ६० दिनसम्ममा लालपूर्जा वितरण गर्ने वातावरण तयार गर्ने प्रतिबद्धता गरे ।

वडाअध्यक्ष रामकृष्ण कोइरालाले वडा कार्यालयमा प्राप्त भूमिहिन दलित र भूमिहिन सुकुम्बासीको पहिचान भएको ५० फाइल र अव्यवस्थित बसोबासीको पहिचान भएको ५ सय ३० फाइल गरी कुल ५ सय ८० फाइल प्रमाणीकरण गरी ५ सय ३० फाइल कम्प्युटरमा प्रविष्ट भैसकेको र बाँकी रहेका फाइल कम्प्युटरमा प्रविष्ट गर्ने कार्य भैइरहेको बताए ।

आयोग मकवानपुरका सदस्य कविन सांगामीका अनुसार १६ नम्बर वडाबाट प्रमाणिकरण गरिएका फाइलमा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित गरी ५ सय ३० परिवारको पहिचान भइसकेको छ ।

## ऋणी सदस्यहरूलाई बिशेष सूचना !

*आदरणिय ऋणी सदस्य महानुभावहरु,*

आर्थिक वर्ष २०८१/०८२ को साल तमामी नजिकदै गर्दा आ-आफुले उपभोग गरेको कर्जाको सावाँ तथा ब्याज यहि २०८२ आषाढ ३१ गते अगावै बुझाई कर्जा नियमित गराउन एवम् असल ऋणी सदस्यको पहिचान बनाई राख्न हार्दिक अनुरोध गरिन्छ । सहकारी संस्थाहरुको ऋण असुलीका लागी नेपाल सरकारबाट भरखरै राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायाधिकरण समेत गठन भइ प्रत्येक सहकारी संस्थाहरुलाई अनिवार्य रुपले कर्जा सूचना केन्द्रमा आवद्धता जनाउन निर्देश गरिसकेको अवस्थामा साल तमामीको अन्त्य सम्म आ-आफुले उपभोग गरेको कर्जाको साँवा ब्याज नबुझाउने वानियमित नगर्ने सदस्यहरुको नामावेशी दुवै विभागमा अनिवार्य रुपले अभिलेख उतार गरी सबै सहकारी संस्थाहरुले आ-आफ्नो संस्थाका सदस्य ऋणीहरुको कर्जाको बिवरण सहित तीनपुस्ते अभिलेख पठाउन र पत्रिकामा प्रकाशित गर्न संस्था बाध्य हुने यसै सूचनामार्फत सम्पूर्ण ऋणीहरुलाई जानकारी गराईन्छ ।

**ग्रिन्डलेज बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, टि.सि.एन. रोड
सम्पर्क नं.०५७-५२६४९५

## दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि. बाट
## ऋणको कारोवार गर्ने सदस्यहरूलाई बिशेष सूचना

*आदरणीय ऋणी सदस्यहरु,*

आर्थिक वर्ष २०८१/०८२ को साल तमामी नजिकिँदै गर्दा आ-आफुले उपभोग गरेको कर्जाको साँवा तथा ब्याज यहि २०८२ अषाढ ३० गते अगावै बुझाई कर्जा नियमित गराउन एवम् असल ऋणी सदस्यको पहिचान बनाई राख्न हार्दिक अनुरोध गर्दछौं । सहकारी संस्थाहरुको ऋण असुलीको लागी नेपाल सरकारबाट भर्खरै राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायाधिकरण समेत गठन भई प्रत्येक सहकारी संस्थाहरुलाई अनिवार्य रुपले कर्जा सूचना केन्द्रमा आवद्धता जनाउन निर्देश गरिसकेको अवस्थामा साल तमामीको अन्त्यसम्म आ-आफुले उपभोग गरेको कर्जाको साँवा/ब्याज नबुझाउने वा नियमित नगर्ने सदस्यहरुको नामावेशी दुवै विभागमा अनिवार्य रुपले अभिलेख उतार गरी सबै सहकारी संस्थाहरुले अनिवार्य रुपले आ-आफ्नो संस्थाका सदस्य ऋणीहरुको कर्जाको विवरण सहित तिनपुस्ते अभिलेख पठाउन संस्था बाध्य हुने यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, पल्पसा रोड
सम्पर्क: ०५७-५२५९१७, ५२४९१६

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

## काठ दाउरा लिलाम बिक्रीसम्बन्धी सूचना !

यस खैरेनी सामुदायिक वन उपभोक्ता समूहको च.नं. १८ मिति २०८२/०३/१२ गतेको पत्रसाथ डिभिजन वन कार्यालय, ललितपुरको कटान तथा काठ दाउरा संकलन इजाजत च.नं. ५९३ मिति २०८१/११/२० को सहमतिबाट संकलन भएको वन पैदावारमध्ये वन पैदवार समूहको आन्तरिक खपत नभएको तथा जिल्ला भित्रका अन्य समूहका उपभोक्ताहरुबाट समेत माग नभएको हुँदा उक्त वन पैदावार व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्न सहमति माग गर्नु भएको तथा बागमती सब डिभिजन वन कार्यालयको च.नं. ४८ मिति २०८२/०२/२७ गतेको पत्रबाट बाह्य बिक्री वितरण गर्न वन नियमावली, २०७९ को नियम ४९(२) बमोजिम सहमति दिइएको छ । सहमति दिइएको बाहेकका वन पैदावर बिक्री वितरण गरेमा वा कुनै किसिमको अनियमित भए गरेमा सोको जिम्मेवार स्वयं समूह नै हुने र कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपशिल:**

वार्षिक स्वीकृत परिणाम : ६०२.४६ क्यु.फि.
यस आ.व.मा उत्पादन भएको गोलिया परिमाण
(क) काठ २९५.७८ क्यु.फि. (खयर पलाँस सहित) घाटगद्धि स्थान: बागमती गा.पा.-४, ललितपुर

| प्रजाति | समूह भित्रको खपत (क्यु.फि.) | | व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्ने सहमति दिईएको (क्यु.फि.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| खयर | काठ | दाउरा | थान | काठ | दाउरा | |
| जम्मा | - | - | ३११ | २९५.७८ | - | पलाँस सहित |
| | - | - | ३११ | २९५.७८ | - | |

**खैरेनी सामुदायिक वन उपभोक्ता समूह**
बागतमी गा.पा.-४, ललितपुर
सम्पर्क नं. : ९८४३३२४८०७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना